# पञ्चकन्या माई हाईड्रोपावर लिमिटेड

ल.पु.म.न.पा. वडा नं. ३, पुल्चोक, ललितपुर

फोन नं. ०१-५००५५०२, इमेल : mail.mvhpl@gmail.com


## चौथो, पाचौं तथा छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।०९।०६ गते)

यस पञ्चकन्या माई हाईड्रोपावर लिमिटेडको मिति २०७८।०९।०५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको चौथो, पाँचौं र छैठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनीहरु महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

मिति : २०७८ पौष २८ तद्अनुसार जनावरी १२, २०२२, बुधबार

समय : बिहान ठिक ११:०० बजे

स्थान : कुपण्डोल ब्याङ्क्वेट कुपण्डोल, ललितपुर र विद्युतिय Virtual माध्यम ZOOM APP मार्फत एकसाथ सभा सञ्चालन हुनेछ ।

*(कोभिड १९ रोगको विभिन्न स्वरुपको जोखिम विद्यमान रहेको हुँदा संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सुरक्षा सम्बन्धी निर्देशन तथा मापदण्डको सम्मान एवं परिपालना गर्दै सभा सम्पन्न गर्नु पर्ने विशेष परिस्थितिका कारण शेयर धनी महानुभावहरुको लागि भर्चुअल माध्यमको व्यवस्था गरिएको छ ।)*

**छलफलका विषयहरु**

**(क) सामान्य प्रस्तावहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा आ.व. २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने छलफल तथा स्वीकृत गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०७५/०७६,२०७६/०७७ र २०७७/०७८ को वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरिक्षण समितिको सिफारिस अनुसार आ.व. २०७८/०७९ को लागि लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनीको संस्थापक समुहबाट प्रतिनिधित्व गर्ने ४ जना (महिला समेत) संचालकको निर्वाचन वा मनोनयन गर्ने ।

**ख) विविध ।**

**वार्षिक साधारण सभा सम्बन्धि सामान्य जानकारीहरु**

१) विद्युतिय अनलाईन (भर्चुअल) माध्यमबाट सभामा भाग लिन चाहने शेयरधनी महानुभावहरुले कम्पनीको इमेल mail.mvhpl@gmail.com मा इमेल गरी वा फोन नं. ०१५००५५०२ मा सम्पर्क गरी साधारण सभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै आफ्नो नाम, इमेल ठेगाना टिपाउनु पर्ने छ । भर्चुअल माध्यम मार्फत उपस्थित हुने शेयरधनी महानुभावहरुलाइ Meeting ID र Passcode उपलब्ध गराई सभामा सहभागी हुने व्यवस्था मिलाईने छ ।

२) कोराना भाईरस (कोभिड १९) को विभिन्न स्वरुप देखा परिरहेको कारणले यसको जोखीम कायम रहेको हुँदा महाव्याधि नियन्त्रण सम्बन्धमा नेपाल सरकाले तोकेको सिमा भन्दा बढी व्यक्ति भेला हुन नपाईने हुनाले भर्चुअल माध्यमबाट उपस्थित शेयरधनीलाई सभास्थलमा उपस्थित भए सरह मान्यता दिई सभा सञ्चालन गरिने छ र यसरी उपस्थित शेयरधनीहरुको हाजिरीका लागी नीजहरु Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने र सभा सञ्चालन अवधिभरको भिडियो रेकर्डिंग गरिनेछ ।

३) विद्युतिय अनलाईन (भर्चुअल) माध्यबाट सभामा सहभागी हुन तथा आफ्नो मन्तब्य राख्न सकिने व्यवस्था मिलाइएको हुँदा कोरोना भाइरस (कोभिड १९) को संक्रमणबाट बच्न र बचाउन यथासक्य अनलाईन (र्भचुअल) माध्यमबाट उपस्थित भईदिनु हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौ ।

४) सभा शुरु हुन भन्दा एक घण्टा अगाडीबाट भर्चुअल माध्यम खुल्ला गरिनेछ । उक्त एक घण्टाको समय भित्र सभामा सहभागी हुने शेयरधनीहरुले दिईएको Meeting ID/ Passcode को माध्यमबाट Login गरी आफ्नो परिचय सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ ।

५) भर्चुअल माध्यमबाट आफ्नो, राय, सुझाव वा जिज्ञासा राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै फोन नं. ०१५००५५०२ वा कम्पनीको आधिकारी इमेल: mail.mvhpl@gmail.com मा सम्पर्क गरी नाम टिपाउन हुन अनुरोध गर्दछौं । सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले उक्त राय सुझाव कम्पनीको इमेलमा पठाउन सक्नु हुनेछ ।

६) सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागी कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा अलग्गै प्रकाशित गरिएको छ र सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन तथा कम्पनी सम्बन्धी अन्य जानकारीहरु कम्पनीको रजिष्टर्ड कार्यालय पुल्चोक, ललितपुरवाट तथा साधारण सभाका दिन सभा हलबाट र कम्पनीको website: www.panchakanyamai.com.np मा पनि प्राप्त गर्न सक्नु हुनेछ ।

७) सभामा आफू उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय पुल्चोक, ललितपुरमा इमेल मार्फत प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागी प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधी बदर गरी अर्के मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयर धनी हुनु पर्नेछ ।

८) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मत वाट प्रतिनिधि चयन गरि एको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

९) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभाहुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ तर त्यस्तो प्रस्ताव सधारण सभामा छलफल वा वहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।

१०) साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०७८।०९।२० गत शेयरको दर्ता किताब बन्द (Book Close) रहनेछ । २०७८।०९।२० गतेको अघिल्लो दिन मिति २०७८।९।१९ सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भएका शेयरधनीले मात्र यस सभामा भाग लिन र मतदान गर्नका लागि योग्य हुनेछन् ।

११) संचालक निर्वाचनको विस्तृत कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय (यस कम्पनीको प्रधान कार्यालय) पुल्चोक, ललितपुरमा प्रकाशित हुने भएकोले त्यस सम्बन्धमा थप जानकारी राख्न ईच्छुक शेयरधनी तथा उम्मेदवारले कार्यालय समय भित्र सम्पर्क राख्न अनुरोध गर्दछौं ।

१२) संस्थापक शेयरधनीको तर्फबाट संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले तल उल्लेख भए बमोजिम कम्पनीको प्रधान कार्यालय पुल्चोक, ललितपुरमा प्रकाशित निर्वाचन सम्बन्धि कार्यक्रमको सूचनामा उल्लेखित मितिमा निर्धारित समय भित्र कम्पनीको शेयरधनीहरु मध्ये एकजना शेयरधनी प्रस्तावक र अर्का एक जना शेयरधनी समर्थक सहित तोकिएको ढाँचा बमोजिम आफ्नो उम्मेदवारीको दरखास्त दर्ता गर्नु पर्नेछ । उम्मेदवारीवाट आफ्नो नाम फिर्ता लिन चाहेमा समेत सोहि निर्वाचन सम्बन्धि कार्यक्रम बमोजिम आफ्नो नाम फिर्ता लिन दरखास्त दर्ता गर्नुपर्नेछ । संचालन पदमा उम्मेदवारी दिने शेयरधनी अन्य उम्मेदवारको प्रस्तावक वा समर्थक हुन सक्ने छैन ।

१३) संचालक पदको निर्वाचनमा उम्मेदवार हने शेयरधनीले कम्पनीको नियमावली बमोजिम आवश्यक शेयर लिई प्रचलित कानून बमोजिम संचालक हुने योग्य रहेको हुनुपर्दछ ।

१४) निर्वाचन सम्बन्धि अन्य जानकारि तथा कार्यक्रम सम्बन्धि सूचना कम्पनीको प्रधान कार्यालयको सूचना पाटीमा टाँसिने छ ।

१५) चौथो, पाँचौं र छैठौं वार्षिक साधारण सभा सम्बन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको मुख्य कार्यालय पञ्चकन्या भवन, पुल्चोक, ललितपुरमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेव साइट www.panchakanyamai.com.np वाट प्राप्त गर्न सकिनेछ ।

**संचालक समितिको आज्ञाले**

**कम्पनी सचिव**